नेपाल सरकार

# अर्थ मन्त्रालय

अत्यन्त जरुरी
गोप्य

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- २०७२/७३ अख्तियारी
च नं :- १४

मितिः- ०७२।०४।१३

प्रति लेखा

विषयः आर्थिक वर्ष २०७२/७३ को विनियोजित बजेटको बाँडफाँट र खर्च गर्ने अख्तियारी ।

रामपुर नगरपालिका कार्यालय
रामपुर, पाल्पा
दर्ता नं.: ९४६
दर्ता मिति: २०७२।५।१८

श्री कार्यकारी अधिकृत,
रामपुर नगरपालिका कार्यालय, पाल्पा

चालु आर्थिक बर्षको बजेट उपशीर्षक नं. ३६५८०३ नगरपलिका अनुदानको निःशर्त अनुदानमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको सूत्रको आधारमा सोही मन्त्रालयको मिति २०७२।४।१३ को पत्रद्वारा बाँडफाँड भई आए अनुसार त्यस नगरपलिकालाई देहाय अनुसारको रकमको निकासा लिई खर्च गर्ने गराउने प्रयोजनको लागि देहायको रकम र सो मा थपघट हुने रकम समेत प्रचलित ऐन, नियम तथा निर्देशिका अनुसार व्यवस्थापन गर्न तपाईलाई यो अख्तियारी सुम्पेको छु ।

कार्यालय आयोजना वा कार्यलयको नामः नगरपलिका अनुदान

| बजेट उपशीर्षक नं. | बजेट खर्च शीर्षक नं. | स्वीकृत बजेट (रू. हजारमा) |
|---|---|---|
| ३६५८०३ | २६३१२ | ४१०० |
| ३६५८०३ | २६३२१ | २२०९८ |
| ३६५८०३ | २६३२२ | ० |
| | जम्मा | २६१९८ |

निकासा माग र खर्च गर्दा देहाय अनुसारको व्यहोरालाई समेत ध्यानमा राखी कार्य सम्पादन गर्नु हुनेछः

१. उपभोक्ता समितिबाट काम गराउँदा अनिवार्य रुपमा सार्वजनिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाउनु हुनेछ।
२. स्थानीय निकाय पूँजीगत अनुदानमा विनियोजित रकम स्थानीय निकाय चालु अनुदानमा रकमान्तर गर्न पाइने छैन ।
३. केन्द्रीय लेखा विवरण संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गर्ने र खर्चको अनुगमन समेत गर्ने हुँदा खर्चको फाँटवारी सहितको वित्तीय र भौतिक प्रगति विवरण, नगरपालिकाबाट भएको निर्णयको प्रतिलिपि समेत मासिक तथा चौमासिक रुपमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउनु हुनेछ । आय व्यय र भौतिक प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित नगरपालिका तथा जि.वि.स.मा सबैले देख्ने गरी अनिवार्य रुपमा सार्वजनिक गराउने व्यवस्था गर्नु पर्नेछ ।
४. स्वीकृत कार्यक्रमहरु आर्थिक वर्ष २०७२/७३ को असार १५ गते भित्र सम्पन्न गरी असार २० गते भित्र सार्वजनिक लेखा परीक्षण गराई असार मसान्तभित्र जाँचपास र फरफारक गर्नु पर्नेछ ।
५. अख्तियारी प्रदान गरिएको रकमबाट भएको उपलब्धि सहितको वार्षिक वित्तीय तथा भौतिक प्रगति विवरण संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा Web Based रिपोर्टिङ मार्फत समेत पठाउनु हुनेछ ।
६. अख्तियारी प्राप्त बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्य तालिका बनाई कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।
७. विनियोजित बजेटको नियमानुसार लेखापरीक्षण सम्पन्न गराउनु हुनेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च नं :-

८. विकास आयोजनामा पूँजीगत खर्च गर्दा प्रति इकाई लागतको आधारमा बढी उपलब्धि हासिल हुने गरी खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

९. वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा केन्द्र र जि.वि.स.बाट प्राप्त रकम र आन्तरिक आम्दानीबाट प्राप्त हुने रकमलाई समेत समावेश गरी वार्षिक बजेट तथा कार्यक्रम तोकिए बमोजिम स्वीकृत गराउनु पर्नेछ ।

१०. चालु अनुदानबाट कर्मचारी खर्चमा रकम विनियोजन गरेपछि मात्र अन्य सञ्चालन खर्च समेत विनियोजित बजेटको सीमा भित्र रही गर्नु पर्नेछ ।

११. पूँजीगततर्फ विनियोजित रकमको कार्यक्रम तर्जुमा गर्दा महिलाहरुको सशक्तिकरण, बालबालिकाको हित र कल्याण, दलित वर्गको मूलप्रवाहीकरण, आदिवासी जनजाति उत्थान, अशक्त र अपाङ्गहरुको हित र कल्याण सम्बन्धी आयोजनाहरुमा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा व्यवस्था भए अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यी कार्यक्रम अन्तर्गत सञ्चालन गरिने निर्माणका काममा श्रम प्रधान प्रविधि अबलम्बन गर्नु पर्नेछ ।

१२. अनुत्पादक चालु खर्चमा नियन्त्रण गर्दै पूँजीगत खर्चमा वृद्धि गरी उपलब्ध स्रोत साधनलाई उत्पादनशील र विवेकशील ढङ्गमा खर्च हुने व्यवस्था मिलाउनु हुनेछ । सरकारी खर्चमा मितव्ययिता र वित्तीय अनुशासन कायम गर्न विशेष पहल गर्नुहुनेछ ।

१३. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को पूर्ण रुपमा पालना गर्नु हुनेछ ।

१४. कुनै पनि योजनाको नामबाट खर्च देखाएर कर्मचारीहरूलाई तलब भत्ता उपलब्ध गराइएमा प्रचलित कानून बमोजिम अधिकारवाला अधिकारीलाई कारवाही गर्नु गराउनु हुनेछ ।

१५. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ले तोकेको ढाँचा र समय सीमभित्र निकासा लिने प्रयोजनार्थ विवरण पेश गर्ने र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा प्रगति विवरण पठाउनु हुनेछ।

१६. आम्दानी खर्चको विवरण मासिक रूपमा प्रकाशन गर्नुपर्ने साथै अनुदान र राजस्व आम्दानी रकमको छुट्टै होडिङ्ग बोर्ड बनाई सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

१७. क्रमागत योजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

१८. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३३ बमोजिम सुपरिवेक्षण तथा अनुगमन समिति गठन गराई क्रियाशील गराउनु हुनेछ ।

१९. नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम वा आयोजनाहरुको अनुगमन, प्रगति प्रतिवेदन र समीक्षा सहितको विवरण परिषदमा छलफल गराई सम्बन्धित जिविसमा पेश गर्नु पर्नेछ ।

२०. स्वीकृत सहभागितामूलक योजना तर्जुमा प्रक्रियाबाट छनौट भएका योजना तथा कार्यक्रमहरूमा मात्र रकम खर्च गर्नु पर्नेछ ।

२१. अवण्डामा बजेट राखेर पटके निर्णयबाट बाँडफाँट गर्न पाइनेछैन ।

२२. चालु अनुदान अन्तर्गत खर्च शीर्षक नं. २६३१२ मा विनियोजन भएको रकम बाँडफाँट स्वीकृत गर्दा तलब भत्ता जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य खर्च शीर्षकमा बाँडफाँट गरी सो को जानकारी यस मन्त्रालय र सम्बन्धित निकायलाई दिनु हुनेछ । अनिवार्य दायित्वमा पर्याप्त रकम नछुट्याई बाँडफाँट गरेमा थप निकासा दिइनेछैन ।

२३. एकल खाता कोष प्रणाली सबै जिल्लाहरूमा लागु भइसकेको हुँदा महालेखा नियन्त्रक कार्यालयले तोकेको कार्यविधि बमोजिम बजेट कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ ।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८ ...

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं :-

२४. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार आयोजना/कार्यक्रमहरुको Project Funding Matrix (PFM) फाराम भरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ,योजना शाखा र नगरपालिका व्यवस्था शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

२५. नगरपालिकाहरुले ५ लाख वा सोभन्दा बढी लागत भएका कार्यक्रम/आयोजनाहरुको आयोजनाको नाम, लागत अनुमान, संझौता मिति, सम्पन्न हुने मिति, लाभान्वित जनसंख्या, लागत सहभागिता जस्ता विवरणसहितको सूचनापाटी सर्वसाधारणले देख्नसक्ने गरी आयोजनास्थलमा राख्नु हुनेछ ।

२६. नगरपालिकाहरुले विपद् व्यवस्थापन कार्यका लागि तोकिए बमोजिमको रकम अनिवार्य रुपमा विनियोजन गर्नु हुनेछ ।

२७. नगरपालिकाले प्रत्येक वर्ष आन्तरिक आय वृद्धिका लागि जोड दिनु पर्नेछ ।

२८. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १३, ५१ र ५२ मा गरिएको व्यवस्थालाई कडाईका साथ पालना गर्नु हुनेछ ।

२९. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार स्वदेशी मालसामान, तथा वस्तु प्रचलति वजार मूल्य भन्दा १५ प्रतिशत सम्म बढी भएपनि अनिवार्य खरिद गर्नुपर्ने व्वस्थाको पालना गर्नु गराउनु हुनेछ।

३०. प्रस्तुत अख्तियारीमा उल्लिखित विषय र प्रकृया वाहेकका खर्च गर्ने अन्य शर्तहरु प्रचलित कानुन एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेअनुसार गर्नुहुनेछ ।

(सुमनप्रसाद शर्मा)
सचिव

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल
श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार: केन्द्रीय लेखा तयार गर्ने र खर्च तथा प्रगतिको अनुगमन गर्ने साविक बमोजिमको व्यवस्था मिलाउनु होला ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पाल्पा